# लमही राजपत्र

## लमही नगरपालिकाद्वारा प्रकाशित

खण्डः१०) लमही, दाङ, (संख्याः१३ मिति २०८२।०३।११


## भाग -२

## लमही नगरपालिका

### लमही नगरपालिकामा रहेको बरघर प्रथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०८२

**प्रस्तावना:**

लमही नगरपालिका क्षेत्रभित्र प्रचलनमा रहेको आदिवासी भूमिपुत्र थारू समुदायमा परम्परागत रुपमा चली आएको बरघर प्रथा र सो संग जोडिएका प्रथाहरुलाई सरल, सहज र लोकतान्त्रिक प्रक्रियाको माध्यमबाट सामाजिक परिपाटीसंग जोड्दै सामयानुकुल बनाउदै यसको अभिलेखीकरण गरी संरक्षण, प्रवर्द्धन गर्दै नियमित, व्यवस्थित र मर्यादित बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र लमही नगरपालिका प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को अधिनमा रही लमही नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई यो कार्यविधी बनाईएको छ ।

### परिच्छेद १ :
### नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधीको नाम "**लमही नगरपालिकामा रहेको बरघर प्रथा व्यवस्थापन सम्बन्धी कार्यविधी २०८२**" रहेको छ ।

ख. यो कार्यविधी राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क. **बरघर '** भन्नाले महटावाँ, ककन्डार, अगहवा, अघरिया, भलमन्सा लाई समेत जनाउछ ।

ख.**'बरघर प्रथा'** भन्नाले थारू समुदायले स्वायत्त र स्वशासित रूपमा आफ्नो प्रथा र प्रथाजनित कानून अनुसार चीरकालदेखि निरन्तर प्रचलन, अभ्यास गरी आएको मौलिक परम्परागत प्रणाली र संस्थालाई सम्झनु पर्दछ ।

ग. **'नगरपालिका'** भन्नाले लमही नगरपालिकालाई सम्झनु पर्दछ ।

घ. '**गाउँ**' भन्नाले प्रत्येक वडामा **नगरपालिका** भित्र बसोबास गर्ने समुदायले चार किल्ला छुट्याएर नामाकरण गरी अस्तित्वमा रहेका ५० भन्दा बढी घरधुरी भएको भूगोलभित्रको गाउँको प्रचलनमा रहेको नाम वा बरघर बैठक (खेल, भेला, सभा) सर्बसम्मत पारित गरि कुनै पनि वडाको निश्चित क्षेत्रलाई गाउँ सम्झनु पर्दछ ।

ङ.'**टोल**' भन्नाले लमही नगरपालिकाभित्र रहेका गाउँको सिमानाभित्रको गाउँको खेल (बखेरी, सभा, भेला) मान्यता प्रदान गरेको क्षेत्रलाई टोल (पुर्वा, गल्ली, पघरी) सम्झनु पर्दछ ।

च. '**प्रथा**' (चलन) भन्नाले परम्परागत रूपमा चलिआएको आदिवासी थारू समुदायको संस्कृति, परम्परा, प्रचलनलाई सम्झनु पर्दछ ।

छ.' **प्रमुख**' भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

ज. '**उपप्रमुख**' भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

झ. **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ञ. '**वडा अध्यक्ष**' भन्नाले नगरपालिकाभित्रका प्रत्येक वडाको वडा अध्यक्षहरूलाई सम्झनु पर्दछ ।

ट.'**लिखन्डार'** भन्नाले बरघर प्रणालीमा गाउँको लेखापढीगर्नेलाई सम्झनु पर्दछ ।

ठ.**'गुर्वा'** भन्नाले बरघर प्रणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नको लागि गाउँको भुराखेलबाट छनौट भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ड.'**केसौका**' भन्नाले गुर्वाको सहयोगीलाई सम्झनु पर्दछ ।

ढ.**'चिरकिया'** भन्नाले परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक अनुष्ठानमा सहयोग गर्ने तथा गाउँको साझा देउथान (मर्वा, डेउठन्वाँ, भुँइह्त्यारठान)मा नियमित बत्ति बाल्ने र पूजा पाठ गर्ने, चाडपर्व र भोज विवाहमा चोखो आगोको व्यवस्था मिलाउने र उज्यालो पार्ने कार्यका लागि नियुक्त भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ण.**'चौकीदार'** भन्नाले गाउँको चौकीदारी गर्ने, बालीनाली रेखदेख, सूचना प्रवाह र आपत विपदको बेलामा सहयोग गर्ने कार्यको लागि नियुक्त भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

त. **'झराली'** भन्नाले बरघरको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई कुलाहीँ श्रमदान, सीप दान वा सामुहिक रूपमा काम गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

थ. **'कुलाहीं'** भन्नाले कुलो खन्ने, बाँध बनाउने, बाटोघाटो बनाउने लगायतका सामुहिक क्रियाकलापलाई सम्झिनु पर्दछ ।

द. **'बरघर वर्ष'** भन्नाले माघ १ गतेदेखि शुरु भई पुस मसान्तसम्मको १ बर्षको अवधिलाई सम्झनु पर्दछ ।

ध.**'ढक्हेर'** भन्नाले बरघर प्रणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठानमा ढाक बजाउने कार्यका लागि गोउँको खेलबाट छनौट भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

न. **'भूराखेल' (बखेरी, बृहत भेला, गाउँ सभा)** भन्नाले प्रत्येक वर्ष माघ महिनाभित्र गरिने गाउँको वार्षिक सभालाई सम्झनु पर्दछ ।

प. **'खेल' (कचेहरी, जुटौला, भेला)** भन्नाले गाउँको बरघर (ककन्दार)को नेतृत्वमा हुने छलफलका लागि बोलाइएको भेला सम्झनु पर्दछ ।

फ. **'खोज्नी-बोझ्नी'** भन्नाले बरघर प्रणाली अन्तर्गत चयन भएका पदाधिकारीहरूको कामको समीक्षा गर्ने, नयाँ नीति बनाउने, एक बर्षका लागि योग्य र उपयुक्त व्यक्ति छनौट गर्ने र वर्षभरिको कार्ययोजना बनाउने प्रक्रियालाई सम्झनु पर्दछ ।

ब. **'बरघर समिति'** भन्नाले गाउँको भुराखेलले चुनेका कामकाजी अगुवाहरू जस्तै अगह्वा, अघारीया, चौकीदार र चिरकिया लगायतका पदाधिकारी रहेको समितिलाइ सम्झिनु पर्दछ ।

भ. **'टिहाइ' (तनखा, मसुरा, पारिश्रमिक बापतको नगद र जिन्सी)** भन्नाले गाउँको सार्वजनिक पदमा काम गरे वापत पारिश्रमिक स्वरूप घरधुरीबाट गाउँको भुराखेलको निर्णय अनुसार संकलन गरिने अन्न वा नगदलाई सम्झनु पर्दछ ।

म. **'पूजैया' (पूजा, पुजाआँटी)** भन्नाले निश्चित प्रयोजनको लागि परम्परा अनुसार गरिने विभिन्न पूजालाई जनाउनेछ ा

य. **'अघरिया'** भन्नाले गाँउघरमा सुचना दिने हाँक पार्ने व्यक्ती, बरघरको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई कुलाहीं, श्रमदान वा सामुहिक रूपमा गरिने परपुजैयामा साझा कामका लागि बरघरको निर्देशनअनुसार नेतृत्व गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

र. '**लाठी डर्ना'** भन्नाले अघरियाले कुलो लाग्दा, बाटोघाटो बनाउँदा निश्चित समुह वा व्यक्तिहरूलाई कामको भाग लगाउने कार्यलाई सम्झनु पर्दछ

ल. '**पनकर'** भन्नाले कुलाहीं गरे वापत तिरिने पानी करलाई सम्झनु पर्दछ ।

व. **'थरबभ्ना, तेलडेहवा'** भन्नाले थारू समुदायका मृत्यु संस्कारमा सौंठ बोक्ने, काजक्रिया, चोखा, तेल दिने बिशेष थारू पुरोहितलाई सम्झनु पर्दछ ।

## परिच्छेद २ :
## बरघर, अघरियाको कार्यक्षेत्र, प्रमाणपत्र, परिचयपत्र र अभिलेख

### ३. बरघरको कार्यक्षेत्र

१. थारू समुदायको परम्परागत प्रथाजनित बरघरको क्षेत्राधिकार गाउँ बरघरको हकमा सम्बन्धित एक गाउँमा रहनेछ । निजले सोही गाउँ समुदायको अगुवाई गर्नेछ । कुनै गाउँमा एकभन्दा बढी टोल भएपनि एक जना मुख्य अगहवाले अगुवाइ गर्नेछ ।

२. बरघरले सम्बन्धित वडा कार्यालय, वडाभित्र पर्ने सबै गाउँका बरघरहरूसँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

### ४. दर्ता, प्रमाणपत्र र परिचयपत्र सम्बन्धी व्यवस्था

१. यस कार्यविधी बमोजिम वडा कार्यालयमा दर्ता हुन चाहने बरघर सभाको बिधान र छाप बनाइ अनुसूचि ५ बमोजिमको अन्य कागजातका आधारमा गाउँ बरघरलाई सम्बन्धित वडा कार्यालयमा दर्ता गरिनेछ ।

२. प्रत्येक वर्ष माघमा गाउँ भुराखेलबाट छनौट भएका बरघर प्रणाली भित्रका पदको जिम्मेवारी पाउने व्यक्तिलाई वडाले अनुसूचि नं. १ बमोजिम प्रमाणपत्र र अनुसूचि नं. २ बमोजिमको परिचय पत्र प्रदान गर्नेछ ।

### ५. अभिलेख

१. बरघर प्रथा अन्तर्गत प्रत्येक वर्ष गरेको कार्य र गतिविधिको लेखाजोखाको अभिलेखीकरण र लेखापरीक्षण गरिनेछ । सो अभिलेख, लेखापरीक्षण प्रतिवेदन र अनुसुची ४ बमोजिमको विवरण सहित वडा कार्यालयमा बुझाई गाउँ, बरघर प्रणालीलाई लौसारी (नवीकरण) गराउनु पर्नेछ ।

२. गाउँ बरघरलाई दर्ता वा नवीकरण गर्दा लाग्ने दस्तुर नगरपालिकाको आर्थिक ऐन अनुसार हुनेछ ।

३ गाउँ बरघरलाई वडा कार्यालयमा दर्ता वा नवीकरण नभएको हकमा उक्त बरघरलाई नगरपालिकाले मान्यता दिने छैन।

## परिच्छेद ३ :
## बरघर प्रणालीको गठन र बैठक सम्बन्धी व्यवस्था

### ६. गाउँ भुराखेल

१. गाउँ बरघरको सिमानाभित्र पर्ने प्रत्येक घरधुरीबाट एकजना (छपरगन्टी) प्रतिनिधित्व भएको गाउँ खेलको साधारण सभा रहने छ । यो साधारण सभा बरघर प्रणालीको सर्वोच्च अंग हुनेछ ।

२. बरघर वर्षको माघ महिनामा गाउँका सबै घरधुरीबाट प्रतिनिधित्व भएको भुराखेल (बृहत भेला, जुटौला) बस्नेछ ।

३. यस भेलाले बरघर प्रथाका कामकाजी अगुवाहरू जस्तै अगहावा, लिखन्डार, धनहेर्‍वा, अघरिया, सघरिया, पनहेर्वा, चिरकिया, चौकीदार, गुर्वा, केसौका, कुलाहीँको लागि गाउँले मध्यमबाट कुलो, पानी, जग्गाको पनकर सम्बन्धी कामको खोज्नीबोझ्नी गर्नेछ र हिसाव कितावको सोधखोज र अनुमोदन गर्न सक्नेछ । पदाधिकारीहरूको चयन गर्दा सकेसम्म सर्बसम्मत र सर्बसम्मत हुन नसकेमा बहुमतको आधारमा छनौट गरिने छ । यसरी पदाधिकारीहरुको चयन गर्दा सम्बन्धित वडाको जनप्रतिनीधीको उपस्थित अनिवार्य गराउनु पर्ने छ।

४. बरघरले भेला डाक्नको लागि कम्तिमा ७ दिन अगावै मिति, स्थान र समय तोकेर सूचना जारी गर्नु पर्नेछ । तर आवश्यकतानुसार जुनसुकै बेला पनि जुटौला हुन सक्नेछ ।

५. जुटौला हुने सूचना अघरिया/चौकीदार/पनहेर्वा/धनहेर्‍वा मार्फत कम्तिमा १ दिन अगावै गाउँमा सबै घरधुरीलाई पुनः सूचना दिनु पर्नेछ ।

७. गाउँ भेला (जुटौला)मा सम्बन्धित वडा जनप्रतिनिधिलाई आमन्त्रण गरिनेछ ।

### ७. गाउँ भुराखेलको काम, कर्तव्य र अधिकार :

गाउँ सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

१. गाउँमा वर्षभरि भए गरेका कामको समीक्षा गर्ने ।

२. गाउँ चलाउनको लागि गाउँको मूल्य मान्यता, परम्परा बचाउनेछ ।

३. बरघर प्रणाली अन्तर्गतका पदहरू जस्तै, अगहवा, लिखन्डार, धनहेर्‍वा, गुरुवा, केसौका, अघरिया, चौकीदार, चिरकिया आदि चयन गर्ने र आवश्यकता अनुसार बरघर सभाका सदस्यहरूको खोज्नीबोझ्नी गर्ने। बरघर सभा गठन गर्दा अगहवा, लिखन्डार र धनहेर्‍वा मध्ये एक जना महिला अनिबार्य हुनु पर्नेछ ।

५. वर्षभरि भएको आम्दानी र खर्चको सार्वजनिक सुनवाई गरी पास गर्ने ।

६. आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान, निर्धारण, तनखा, टिहाई, खारा, डाँर आदि निर्धारण गर्ने ।

७. बरघर प्रणालीभित्रका पदलाई दिने सेवा सुविधा, टिहाई निर्धारण गर्ने ।

८. यस ऐन बमोजिम गाउँको बरघर विधान निर्माण र संशोधन गर्ने ।

९. नयाँ आएका घरधुरीलाई सदस्यता दिने वा दिएको सदस्यतालाई अनुमोदन गर्ने र गाउँको घरधुरी र जनसंख्या अनुसुची ३ बमोजिम अध्यावधिक गर्ने ।

१०. बरघरको बार्षिक योजना बनाउने र आवश्यक बजेट बाँडफाँड गर्ने, अनुमानित आम्दानी तथा खर्चको विवरण तयार पार्ने, पारित गर्ने ।

## ८. गाउँ बरघरको काम, कर्तव्य र अधिकार :

क. गाउँको पुजैया (पुजा) कुलापानी बटो घाटो,संस्कृति संरक्षण, सांस्कृतिक निरन्तरताका साथै सामाजिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

ख. गाउँको सानो तिनो झैझगडा मिलाउने, शान्ति सुरक्षा र अमनचयन कायम गर्न सहजीकरण गर्ने र सभ्य समाजको निर्माण गर्ने ।

ग. गाउँमा संचालन हुने विकास निर्माणका योजनाहरूको तर्जुमा, कुलापानी, बाटो घाटो बनाउने तथा संरक्षण गर्ने नगरापालिकालाई सहयोग गर्ने ।

घ. गाउँमा हुने भोज बिबाह, मर्नीकर्नी, पूजाआजा, श्रमदान परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने ।

ङ. गाउँमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरूको संरक्षण गर्ने तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने ।

च. गाउँमा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

छ. गाउँको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने ।

ज. छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

झ. सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

ञ. कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा नगरपालिकालाई सहयोग गर्ने ।

ट. गाउँमा बसोबास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरूको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

ठ. गाउँमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

ड. जन्म, बिबाह, बसाइ-सराई, सम्बन्ध-विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

ढ. सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

ण. विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

त. गाउँमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेयपदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मूल्य सूचिको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

थ. उपभोक्ता हकहित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने ।

द. गाउँमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

ध. स्थानीय आर्थिक विकासका सम्भावनाका बारेमा छलफल गरी स्थानीय तह, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

न. भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोलबासीहरूलाई प्रोत्साहित गर्ने ।

प. गाउँमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

फ. घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, लगायतका सामाजिक अपराध तथा खराबीहरू अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने।

ब. गाउँमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरू संचालन गर्न आवश्यक सहजीकरण गर्ने।

भ. गाउँको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने।

म. गाउँमा सरकारी निकाय तथा गैरसरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग गर्ने ।

य. आफ्नो गाउँलाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरू संचालन गर्ने नगरपालिका र वडा कार्यालयलाई सहयोग गर्ने ।

र. वडा कार्यालय, नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरू गर्ने ।

ल. विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरूमा सहयोग र समन्वय गर्ने ।

## ९. गाउँ बरघर प्रणाली

१. प्रत्येक गाउँमा पराम्परागत रुपमा चलिआएको स्थानमा एक बरघर प्रणाली लागु हुनेछ ।

२. गाउँ बरघरले आफ्ना परम्परागत कार्यहरू गर्न स्वतन्त्र रहनेछ ।

३. गाउँ बरघर समितिमा कम्तिम ९ जना सदस्य रहने गरी गठन गर्न सकिने छ ।

## १०. गाउँ जुटौला, निर्णय प्रक्रिया र कार्यान्वयन सम्बन्धी व्यवस्था

१. गाउँको नियमित जुटौला सामान्यतया महिनामा एक पटक हुनेछ । तर, आवश्यक परेको बेला जतिसुकै पटक पनि जुटौला गर्न सकिनेछ ।

२ गाउँ  जुटौला र कचेहरीले गरेको निर्णयहरू अगहवाको नेतृत्वमा पदीय जिम्मेवारी अनुसार बरघर सभाले कार्यान्वयन गर्नेछ ।

३. गाउँ जुटौला, कचेहरी र बरघर सभाको अध्यक्षता अगुहवाले गर्नेछ । निजको अनुपस्थितिमा सहमतिमा नीजले तोकेको एक जना व्यक्तिले अध्यक्षता गर्नेछ ।

४. बहुमत सदस्यहरूको उपस्थितिमा जुटौला र बरघर सभाको बैठक बस्नेछ, र निर्णयहरू सर्वसम्मत वा बहुमतले हुनेछ ।

## ११. बरघर प्रणालीभित्रको पदका लागि योग्यता

### १. अगहवा हुनका लागि योग्यता

क. नेपाली नागरिक हुनु पर्नेछ ।

ख. कुनै क्षेत्रबाट बसाइसराइ गरी सम्बन्धित गाउँमा कम्तिमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आइरहेको हुनु पर्नेछ ।

ग. गाउँमा वर्षभरि नियमित बसोबास गर्ने,

घ. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

ङ. २१ वर्ष उमेर पूरा भएको

च कृषि पेशमा अवद्ध भएको हुनु पर्ने

### २. लिखन्डार हुनका लागि योग्यता

क. नेपाली नागरिक,

ख. क्षेत्रबाट बसाइसराइ गरी सम्बन्धित गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आइरहेको,

ग. गाउँमा वर्षभरि नियमित बसोबास गर्ने,

घ. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

ङ. २१ वर्ष उमेर पूरा भएको

च. गाउँको हर हिसाव राख्न र लेखापढी गर्न सक्ने ।

### ३. धनहेर्‌वा हुनका लागि योग्यता

क. २१ वर्ष उमेर पूरा भएको, नेपाली नागरिक,

ख. कुनै क्षेत्रबाट बसाइसराइ गरी गाउँमा कम्तिमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आइरहेको, गाउँमा नियमित बसोबास गर्ने ।

ग. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

घ. हिसाब किताब गर्न जान्ने र नगदी जिन्सिको लेखा राम्ररी राख्न सक्ने ।

### ४. चौकिदार हुनका लागि योग्यता

क. नेपाली नागरिक हुनु पर्ने छ ।

ख. गाउँमा नियमित बसोबास गर्ने ।

ग. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

घ. २५ वर्ष उमेर पूरा भएको

**५. गुर्वा र केसौका हुनका लागि योग्यता**

क. नेपाली नागरिक,

ख. सोही गाउँ वा नजिकको गाउँमा नियमित बसोबास गर्ने,

ग. गाउँ समुदायको विश्वास, मान्यता र परम्परा अनुसार गाउँको साझा पूजाआजा गर्न जानेको ।

घ. गाउँको परम्परा र संस्कृति जानेको, बुझेको र अनुभव रहेको ।

ङ. दुःखी बिरामीहरूलाई सहयोग गर्ने भावना भएको ।

**६. चिरकिया हुनका लागि योग्यता :**

क. नेपाली नागरिक

ख. गाउँमा नियमित बसोबास गर्ने ।

ग. गाउँको मूल देवथानमा नियमित पूजाआँटी गर्न इच्छुक भएको,

घ. गाउँ समुदायको धर्म, संस्कृति अनुसारको पूजाआजा सम्बन्धी ज्ञान भएको,

७. **अघरियाको लागी योग्यता**

क. नेपाली नागरिक

ख. गाउँमा नियमित बसोबास गर्ने गाउँको जुटौलाको लागि हाँक पार्न सक्ने ( सूचना प्रबाह गर्न सक्ने)

ग. गाउँको मूल देवथानमा नियमित पूजाआँटी गर्न इच्छुक भएको,

घ. गाउँ समुदायको धर्म, संस्कृति अनुसारको पूजा पाठ गर्न जानेको,

ड. २१ बर्ष पुरा गरेको हुनु पर्ने ।

छ. गाउँमा परम्परागत सबै पुजैया गर्न सक्ने ।

## परिच्छेद ४ :

## अगहवा, लिखन्डार, अघरिया ,चौकीदार र चिरकियाको काम, कर्तव्य र अधिकार

**१२. अगहवाको काम, कर्तव्य र अधिकार**

**१. संरक्षकत्वको भूमिका :**

क. बरघरले गाउँका सबै कुलापानी, बाटोघाटो, पुलपुलेसो, परपुजैया, पशुपन्छी, बालीनालीको प्रमुख संरक्षकको रूपमा भूमिका निर्वाह गर्ने ।

ख. गाउँमा मर्नी-कर्नीमा सहयोग गर्ने, हैबी, दैबीबाट जोगाउने, वाह्य आक्रमण वा हस्तक्षेपबाट गाउँकालाई सुरक्षित बनाउने, आपत बिपतमा राहत दिने ।

ग. कसैमाथि ठूलो अन्याय परेमा गाउँको जुटौला बोलाई सो सम्बन्धमा छलफल गरी आवश्यक निर्णय गर्ने ।

घ. गाउँभित्र कुनै घर छुट्टिन चाहेमा बरघर वा निजको प्रतिनिधि उपस्थित भई सामाजिक न्याय कायम गर्ने ।

ङ. विपदमा परी समस्या परेका व्यक्ति, घर परिवारलाई मानवीय सहयोग जुटाउने कार्य गर्ने ।

च. गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख, गाउँको आय-व्याय हरहिसाब दूरुस्त राख्ने र सदुपयोग गर्ने गराउने ।

छ. आधारभूत आवश्यकता अन्तर्गत सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

ज. राज्यका सबैक्षेत्रमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर सृजना गर्नका लागि पहल गर्ने ।

झ. महिला, बालबालिका र बिपन्न वर्गको समाजिक न्यायमा विशेष ध्यान दिने ।

ञ. शिक्षा, स्वास्थ्यमा ध्यान दिने र परम्परागत राम्रो कला, संस्कृति, संस्कारको संरक्षण गर्ने,

## २. विकास निर्माण सम्बन्धी अधिकार :

क. आफ्नो गाउँको विकास निर्माण सम्बन्धी योजना पहिचान, प्राथमिकता, छनौटमा सहयोग गर्ने ।

ख. गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई गर्ने ।

ग. गाउँ जुटौलाबाट गाउँको योजना पास गराई वडा कार्यालयमा अनुरोध गर्ने ।

घ. गाउँको विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग, समन्वय, सहकार्य गर्ने ।

## ४. संस्कृति संरक्षण, प्रवर्द्धन सम्बन्धी अधिकार :

क. गाउँमा वर्षभरि गर्नु पर्ने पुजैया, नाचगान, परम्परा, आदिको पहिचान र वार्षिक कार्ययोजना बनाउने ।

ख. गाउँमा वर्षभरि मनाइने चाडपर्व र पुजैयाको लागि अघरिया, गुर्वा, केसौका र सम्बन्धित सबैको सहयोग लिएर सांस्कृतिक कार्य गर्ने, गराउने ।

ग. मेलमिलापका साथ सामुहिक रूपमा चाडपर्व मनाउन आवश्यक व्यवस्था मिलाउने ।

घ. लोकनृत्य, लोकगीत, लोकबाजा, लोकसंस्कृति, लोकप्रबिधिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने ।

ङ. भाषा, लिपि, लोककला, साहित्य, संस्कृति संरक्षणका निम्ति काम गर्ने ।

च. प्रथा जनित कानून, परम्परा र संस्कार अनुसार सामाजिक, सांस्कृतिक आदि कार्य गर्ने गराउने।

छ. सामाजिक संस्कारगत कार्य जस्तै पक्कापोडी (ठोकठाक), विवाह, चाडपर्वमा सक्रिय सहभागिता जनाउने, र आवश्यकता अनुसार जनपरिचालनको व्यवस्था मिलाउने ।

ज. मृत्यु संस्कारमा थरबभ्ना (थारू पुरोहित) को ब्यवस्था मिलाउने ।

झ. गाउँ खेलको निर्णय अनुसार टिहाइ संकलन गर्ने, र सम्बन्धित पक्षलाई बुझाउने ।

**५. सम्पर्क र समन्वयात्मक अधिकार**

क. नगरपालिका, वडा कार्यालय, टोल विकास समिति तथा विभिन्न संघ संस्था र पक्षहरूसंग सम्पर्क, समन्वय र सहकार्य गर्ने ।

ख. गाउँको समस्याको बारेमा स्थानीय सरकारलाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने ।

ग. गाउँको विकास, समुदायको हितमा कुनै सहयोग गर्ने सही मनसायले कुनै निकाय आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना उपलब्ध गराउने ।

**६ अगुहवाको अन्य अधिकारहरू**

क. गाउँ समुदायलाई विपद पूर्व तयारी गराउने ।

ख. शिक्षा, स्वास्थ्य, सरसफाई आदि क्षेत्रको सूचना गाउँमा संप्रेषणको व्यवस्था मिलाउने ।

ग. समानता, न्याय, सामाजिक, सांस्कृतिक, धार्मिक सद्भाव, एकता कायम गर्ने गराउने ।

घ. गाउँ खेल (भेला)ले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने ।

**१३. लिखन्डार को काम, कर्तव्य र अधिकार :**

१. गाउँको खेल (बखेरी, जुटौला, कचहरी)मा उपस्थितिको अभिलेख राख्ने ।

२. गाउँ बरघर प्रणालीमा भएको आम्दानी र खर्चको विवरण, बिल, भरपाई र हिसाव किताब राख्ने ।

४. गाउँको खेलमा सहजीकरण गर्ने ।

५. विभिन्न संघ, संस्था, कार्यालयमा महटावाँ/बरघरको निर्देशनमा पत्राचार, गाउँको जानकारी, सूचना, प्रतिवेदन आदि दिने ।

**१४. धनहेर्वाको काम, कर्तव्य र अधिकार :**

१. गाउँ महटावाँ/बरघर प्रणालीमा भएको आम्दानी र खर्चको विवरण र हिसाब किताब राख्ने।

२. खर्चको बिल, भरपाई, भौचर र खर्चको फाँटवारी दुरुस्त राख्ने ।

३. गाउँको जिन्सी र अन्य सम्पत्तिहरूको अभिलेख राख्ने ।

४. गाउँको हिसाब किताब प्रत्येक ४ महिनामा गाउँ खेलमा पेश गर्ने ।

५. गाउँ खेलको निर्णयअनुसार बार्षिक लेखापरीक्षण गराउने र सम्बन्धित निकायमा पेश गर्ने ।

## १५. अघरियाको काम, कर्तव्य र अधिकार :

१. हाँक पार्ने सुचना दिने , जनश्रमदानको बेलामा बरघरलाई सहयोग गर्ने ।

२. जनश्रमदानमा काम विभाजन र लठ्ठी डर्ना ।

३. जन श्रमदान गर्दा जिम्मेवारी अनुसार काम भए नभएको निरीक्षण गर्ने ।

४. कुलापानी, सिंचाई, बाटोघाटो सरसफाईमा बरघरलाई आवश्यक सहयोग गर्ने ।

## १६. गुर्वाको काम, कर्तव्य र अधिकार

१. गाउँको वर्षभरी गरिने विभिन्न पुजैया परम्परा र विधि अनुसार सम्पन्न गर्ने ।

२. गाउँमा हुन सक्ने हैबी, दैबी-प्रकोप, किट-पटङ, खराव डोख, दुष्ट नजर, रोगब्याधबाट गाउँका मानव, जीवजन्तु र बालीनालीलाई बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने,

३. गाउँ समुदायमा हुने सामाजिक, धार्मिक, संस्कार, सांस्कृतिक कार्यमा सरसल्लाह र सहयोग प्रदान गर्ने ।

४. गाउँ घरमा सामाजिक सहिष्णुता र एकता कायम गर्न सहयोग गर्ने ।

## १७. केसौकाको काम कर्तव्य र अधिकार :

१. विभिन्न पुजैया र कर्म गर्नको लागि गुर्वाको सहयोगीको रूपमा काम गर्ने ।

२. गाउँका मानिस, बालीनाली र पशुपन्छीमा कुनै रोगब्याधले सताएमा त्यसबाट बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने ।

३. गुरैपुजा गर्दा देउता मिलाउने र छुट्याउने ।

## १९. चिरकियाको काम, कर्तव्य र अधिकार :

१. गाउँमा बरघरले खटाएको सार्वजनिक हितको काम गर्ने ।

२. गाउँको मूल देवथान मर्वामा नियमित बत्ती बाल्ने र पुजा गर्ने ।

३. पूजाआजा, भोजकाज र चाडपर्वको बेलामा चोखो वा पवित्र आगोको व्यवस्था मिलाउने ।

४. गाउँको सामुहिक काम, पुजैया र गाउँको भोज बिबाह, मर्नी-कर्नीमा बत्ती वा उज्यालोको व्यवस्था मिलाउने ।

## २०. चौकीदारको काम, कर्तव्य र अधिकार

१. बरघरले खटाएको काम गर्ने ।

२. गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने, पत्र पुऱ्याउने ।
३. गाउँको सम्पत्तिको रेखदेख गर्ने ।
४. विपद्मा परेका व्यक्ति, घर परिवारलाई सहयोग गर्ने ।
५. गाउँ घरको सूचना नियमित रूपमा बरघरसँग आदान प्रदान गर्ने ।

**२१. घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार :**
१. गाउँ खेलमा सहभागी भई आफ्नो विचार, मत दिने ।
२. बरघरले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा गर्ने ।
३. गाउँ जुटौला को नियम अनुसार टिहाई दिने ।
४. बरघरको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदान, सीपदान, जिन्सीदान र नगददान गर्ने ।
५. गाउँको समस्याको बारेमा गाउँ बरघरलाई जानकारी गराउने ।
६. बरघरले खटाएको सामुहिक हितको अन्य कार्य गर्ने ।
७. गाउँको सामाजिक, संस्कार, सस्कृति संरक्षण र प्रर्वद्धन गर्ने कार्यमा सक्रिय सहभागी हुने ।

## परिच्छेद ५ :
## बरघर प्रणालीमा पद रिक्त हुने व्यवस्था र पदपूर्ति

**२२. पद रिक्त हुने अवस्था :**
यस कार्यविधी बमोजिम गठन भएको बरघर समिति भित्रको पदहरू देहायको अवस्थामा पद रिक्त हुनेछ ।
१. एक वर्ष कार्यकाल समाप्त भएमा,
२. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,
३. निजको मृत्यु भएमा,
४. खराब आचरणका कारण निजलाई बरघर पदमा राखिराख्न उचित नभएको गाउँ जुटौलाको दुई तिहाई मत जाहेर भएमा,
५. असक्त, अस्वस्थ भई बरघरको जिम्मेवारी पूरा गर्न नसक्ने भएमा ।
६. निजले पदबाट राजीनामा दिएकोमा गाउँ जुटौलाबाट पारित भएमा ।

**२३. बाँकी अवधिका लागि पद पूर्ति गर्ने :**
बरघर समिति भित्रको पदमा बाँकी अवधिको लागि कार्यविधिको दफा ६ को उपदफा ३ बमोजिम नियुक्ति गरिनेछ ।

## परिच्छेद ६ :
## पदीय मर्यादा तथा आचरण सम्बन्धी व्यवस्था

### २४. बरघर पदाधिकारीहरूको पदीय मर्यादा र आचरण

१. समुदायको हकहित, संरक्षण, प्रर्वद्धन, सशक्तिकरणको लागि स्वतन्त्र निष्पक्ष र जवाफदेही पूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ ।

२. समाजमा बस्ने विभिन्न समुदाय तथा सम्प्रदाय विचको सम्बन्ध सुमधुर बनाउने कार्य गर्नुपर्नेछ ।

३. समुदायको प्रथा, परम्परा, प्रथाजनित कानून, मुल्य मान्यतालाई उच्च सम्मान गर्ने ।

## परिच्छेद ७:
## आर्थिक श्रोत व्यवस्थापन

### २५. बरघर प्रथाको आर्थिक स्रोत

बरघर प्रथाको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ ।

१. गाउँ भुराखेलको निर्णय अनुसार प्रति घरधुरीले निश्चित प्रयोजनको लागि जम्मा गरेको नगदी र जिन्सी ।

२. उठेको टिहाइ मध्ये सम्बन्धित पक्षलाई भुक्तानी गरी बचेको नगदी र जिन्सी ।

३. गाउँको पूजाआँटी गर्नको लागि घरधुरीबाट उठेको नगदी जिन्सी मध्ये बचेको कोष ।

४. गाउँ भेलाले निर्णय गरे अनुसार गाउँमा श्रमदान भौतिक श्रम गर्न नसक्ने घरधुरीबाट प्राप्त रकम ।

५. गाउँको जुटौलाले निर्णय गरे अनुसार सार्वजनिक काममा अनुपस्थित हुने घरधुरीबाट प्राप्त खारा रकम ।

६. गाउँ  जुटौला कचेहरीले निर्णय गरे अनुसारको डाँरबाट प्राप्त रकम ।

८. गाउँमा बसाइ सराई गरी आउनेलाई गाउँको खेलको निर्णय अनुसार लिइने गाउँ सदस्यता शुल्क ।

९. सामुदायिक वन समितिबाट प्राप्त विकास कार्यक्रम अनुदान रकम ।

१०. गाउँमा सामाजिक, सांस्कृतिक, रचनात्मक काम गरी प्राप्त गरेको रकम ।

११. विभिन्न दाताबाट प्राप्त दान दातब्य ।

१२. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त नगदी जिन्सी ।

१३. गाउँ बरघर प्रणालीको सम्पत्तिबाट आर्जित रकम ।

१४. गाउँ जुटौलाले निर्धारण गरेको श्रमदान नगरी सिंचाई सुविधा लिने जग्गाधनीसँग लिइने पनकर रकम ।

**२६. गाउँको खाता सञ्चालन, लेखा, लेखापरीक्षण, प्रतिवेदन तथा अन्यः**

१. गाउँ खेलको निर्णय अनुसार बरघर प्रणालीको नाममा बैंकमा खाता खोल्नु खोली आर्थिक रकम जम्मा गर्नुपर्नेछ ।

२. उपदफा १ बमोजिम बैकमा खोलिने खाता गाउँको अगहवा, लिखन्डार, धनहेर्वा सहित ३ जनाको नाममा बैंक खाता खोलिने छ र ३ जना मध्ये १ जना महिला अनिवार्य हुनु पर्नेछ ।

३. बैंकमा जम्मा भएको रकम गाउँ खेलले गरेको निर्णय बमोजिम बरघर समितिले खर्च गर्न सक्नेछ ।

४. लिखन्डारले गाउँको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरूको विवरण स्पष्ट रूपमा राख्नु पर्नेछ ।

५. लिखन्डारले आम्दानी खर्चको हिसाब किताव चौमासिक रूपमा गाउँको खेलमा पेश गर्नुपर्नेछ ।

६. गाउँले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी लेखापरीक्षण समेत गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँ जुटौलाबाट अनुमोदन गराइ सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

७. गाउँले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन गाउँ भुराखेल, सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

**२७. सम्पत्तिको अभिलेख र जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः**

१. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

२. संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ ।

३. गाउँको सार्वजनिक सम्पत्तिको अभिलेख बरघर प्रणालीले राख्नु पर्नेछ । सोको सुरक्षा गर्ने जिम्मेवारी समेत रहनेछ । सम्पत्तिको भौतिक परीक्षण गरी हरेक वर्ष गाउँ भुराखेलमा सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद ८ :
## नगरपालिकाको भूमिका

### २८ बरघर प्रणालीको संरक्षण, प्रवर्द्धनमा नगरपालिकाको भूमिका

१. लमही नगरपालिका भित्र सञ्चालन भएका बरघर प्रणालीलाई संरक्षण, प्रवर्द्धन तथा नियमन गर्ने सम्पूर्ण अधिकार नगरपालिकालाई हुनेछ ।

२. नगर प्रमुखले लमही नगरपालिका भित्रका सम्पूर्ण बरघर प्रणालीको संरक्षकको रुपमा भूमिका निर्वाह गर्नु पर्नेछ।

३. नगरपालिकाबाट कार्यान्वयन हुने नीति तथा कार्यक्रम निर्माण गर्दा विभिन्न समयमा हुने राष्टिय अभियान तथा स्थानीयस्तरका अभियानहरुमा सहभागिता गराउने, सहयोग लिने, टोल वस्तीमा सुचना सम्प्रेषण तथा आदान प्रदान गर्ने।

४ नगरपालिका अन्तरगतका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा बरघर प्रणालीको बिषयमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।

५. नगरपालिकाले मनाउने पर्व, उत्सवहरुमा बरघरको सहभागीता गराउने।

६. नगरपालिकाका नगर प्रमुख, उपप्रमुख र सम्बन्धित वडाका वडा अध्यक्ष लगायतका जनप्रतिनीहरुलाई गाउँभुराखेल वा कचहरीमा आमन्त्रित गरेको अवस्थामा सहभागिता हुनु पर्नेछ।

७. वडा कार्यालयमा दर्ता तथा नविकरण भएका बरघरको अभिलेख राखी बार्षिक रुपमा प्रतिवेदन तयार गरी वडा कार्यालयले नगरपालिकामा पेश गर्नु पर्नेछ ।

९. सबै वडा कार्यालयबाट प्राप्त भएका प्रतिवेदनहरुलाई प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखा वा कर्मचारीले एकिकृत गरी अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

## परिच्छेद ९ :
## विविध

### २९. बाधा अड्काउ फुकाउ :

यस कार्यविधिको कार्यान्वयनमा कुनै पनि किसिमको बाधा अड्चन आइपरेमा सोको समाधान नगर कार्यपालिकाबाट हुनेछ । यस कार्यविधीको ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई रहनेछ । र प्रचलित कानुनसँग बाँझिन गएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

### ३० निर्देशिका तथा मापदण्ड बनाउने अधिकार :

यस कार्यविधिको अधिनमा रही नगर कार्यपालिकाले आवश्यक निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

**३१ अनुसूची हेरफेर गर्ने अधिकारः**

यस कार्यविधीको कार्यान्वयन गर्न लमही नगर कार्यपालिकाले आवश्यकता अनुसार अनुसूची हेरफेर गर्न सक्नेछ ।

**<u>अनुसूची १ः</u>**

(दफा ४ को उपदफा  २ संग सम्बन्धित)

**<u>बरघर प्रणालीभित्र रही नगर पालिकामा दर्ता भएको गाउँलाई दिइने</u>**

**<u>प्रमाण-पत्र ढाँचा</u>**

## लमही नगरपालिका

# ..... नं. वडा कार्यालय

.......**देउखुरी,** दाङ

## लुम्बिनी प्रदेश, नेपाल

**दर्ता नंः** **मितिः**

लमही नगरपालिका, वडा नं. ....... मा रहेको .......................... गाउँ भुराखेलको निर्णय अनुसार यस वडा कार्यालयमा दर्ता हुन आएकोले .................... गाउँ वरघरलाई लमही नगरपालिकाले जारी गरेको लमही नगरपालिकामा रहेको बरघर प्रथा व्यवस्थापन सम्बन्धी कार्यविधी २०८२ को दफा ४ उपदफा (२ ) बमोजिम लमही नगरपालिकामा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

....................

वडा अध्यक्ष

# अनुसूचि २ :

(दफा ४ को उपदफा  २ संग सम्बन्धित)

**बरघर प्रणाली भित्रका पद ग्रहण गर्ने व्यक्तिलाई दिइने परिचयपत्र**

लमही नगरपालिका

...... नं. वडा कार्यालय

.......देउखुरी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

हालसालै खिचेको
पासपोट
साईजको फोटो

**बरघरको  परिचय पत्र**

नाम :

पद :

ठेगाना :

जन्म मिति :

ना.प्र.नं :

सम्पर्क नं :

रक्त समुह :

जारी मिति :

..........................

वडा अध्यक्ष

# अनुसूचि ३ :
## (दफा ७ को उपदफा ९ संगसम्बन्धित)

**गाउँको घरधुरी संख्या अभिलेखीकरण फाराम**

| क.सं | घरमुलीको नाम | परिवार संख्या | | पेशा | जातजाति | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | म | पु | | | | |
| | | | | | | | |

| लिङ्ग | स्वदेश | विदेश | कृषि | व्यापार | थारू | बाहुन | क्षेत्री | दलित | आ.ज. | अन्य | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | | | | | | | | | | | |
| महिला | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

## <u>अनुसूचि ४:</u>
## दफा ९ को ३. बमोजिम

### गाउँको खेलले छानेका/चुनेका गाउँका अगुवाहरूको बिबरण भर्ने फाराम

| क.सं. | पद | नाम | उमेर | घरको नाम | घर नं. | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १. | अगहवा | | | | | |
| २. | लिखन्डार | | | | | |
| ३. | धनहेर्वा | | | | | |
| ४. | अघरिया | | | | | |
| ५. | चिरकिया | | | | | |
| ६. | चौकिदार | | | | | |
| ७. | गुर्वा | | | | | |
| ८. | केसौका | | | | | |
| ९. | थारुबभ्ना । तेलदेहवा | | | | | |

## <u>अनुसूचि ५:</u>

### दफा ४ को उप दफा १ संग सम्बन्धित

**नगरपालिकामा गाउँ सूचिकृत हुनका लागि चाहिने कागजातहरू**

१. गाउँ भुराखेलले गरेको निर्णयको प्रतिलिपि ।

३. निर्बाचित गाउँ बरघर र अगुवाहरूको प्रमाण पत्रको प्रतिलिपि ।

४. निर्बाचित गाउँ बरघर र अगुवाहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

५. बरघरको २ प्रति फोटो

**प्रमाणीकरण मितिः २०८२।०३।११**

**आज्ञाले**
**प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**